# मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन (पहिलो शंशोधन) कार्यविधि, २०७८

**प्रस्तावना:** मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २ मा संशोधनः** मुख्यमन्त्री दलित आय आर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) "समिति" भन्नाले दफा ७ बमोजिमको कार्यक्रम निर्देशन तथा संचालन समिति सम्झनु पर्छ"।

३. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को खण्ड (ख) मा रहेका "स्थानीय तहमा अभिलेख रहने र दोहोरो नपर्ने सुनिश्चितता सहित" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको सिफारिसका आधारमा दोहोरो नपर्ने गरी" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ मा रहेका "दफा ७ बमोजिम समितिको प्रचलित कानून अनुसार रहने गरी देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछ।" भन्ने शब्दहरुको सट्टा "समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को-,

(१) खण्ड (ख) झिकिएको छ।

(२) खण्ड (ग) मा रहेका "दफा ७ बमोजिमको समिति" भन्ने शब्दहरुको सट्टा "समिति" भन्ने शब्द राखिएको छ।

६. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ मा रहेको "(१)" भन्ने अङ्क झिकी सोही दफा ११ को,-

(१) खण्ड (क) मा रहेका "कर्णाली प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "समितिले" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) इच्छुक लाभग्राहीले खण्ड (ख) बमोजिम प्रकाशित सूचनामा तोकी दिएको समयभित्र समितिले तोके बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) सीप विकास तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम प्रचलित सार्वजनिक खरिद लगायतका कानून बमोजिम समितिको निर्णय अनुसार उपभोक्ता समिति वा सोझै कार्यालय मार्फत गर्न सकिनेछ।"

(४) खण्ड (छ) मा रहेको "४" भन्ने अङ्कको सट्टा "५" भन्ने अङ्क राखिएको छ।

(५) खण्ड (ट) मा रहेका "बिउपूँजीको" भन्ने शब्दको सट्टा "अनुदानको" भन्ने शब्द राखिएको छ।

(६) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः-

"(ठ) उत्पादन पूर्वाधार निर्माणका लागि उपलब्ध गराइएको अनुदानको रकम मध्ये समितिले छनोट गरेका सहकारी संस्था वा समूहमा सत्तरी प्रतिशत शेयर प्रदेश सरकारको र बाँकी तीस प्रतिशत शेयर सम्बन्धित सहकारी संस्था वा समूहको रहने गरी सहकारी संस्था वा समूहको प्रस्तावित पूर्वाधार निर्माण तथा व्यवसायिक कार्यमा उपयोग हुने गरी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।"

७. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को,-

(१) खण्ड (ख) मा रहेका "दफा ७ बमोजिमको समितिबाट" भन्ने शब्दहरुको सट्टा "समितिबाट" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (च) मा रहेका "दफा ७ बमोजिमको समितिको" भन्ने शब्दहरुको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ।

(३) खण्ड (ज) मा रहेका "दफा ७ बमोजिम समितिबाट" भन्ने शब्दहरुको सट्टा "समितिबाट" भन्ने शब्द राखिएको छ।

८. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को खण्ड (ग) मा रहेका "४०.०५% (चालिस दशमलब पाँच प्रतिशत)" भन्ने शब्दहरुको सट्टा "चालिस दशमलब पाँच प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

९. **<u>मूल कार्यविधिको दफा १७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १७ को उपदफा (३) मा रहेका "दफा १२ बमोजिमको समितिले" भन्ने शब्दहरुको सट्टा "कार्यालय र समितिले" भन्ने शब्दहरु राखिएका छन्।